......महा/उपमहा/नगरपालिका

**सुरक्षित आप्रवासन (सामी) कार्यक्रम**

**मनोसामाजिक परामर्शकर्ता**

**कार्य विवरण**

काठमाडौं महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कमलादी, काठमाडौं
बागमती प्रदेश, नेपाल
२०७३

कार्य विवरण

| | |
|---|---|
| **पद** | **मनोसामाजिक परामर्शकर्ता** |
| **कार्यक्षेत्र** | ....स्थानीय तह |
| **सुपरिवेक्षक** | स्वास्थ्य शाखा प्रमुख |
| **प्रतिवेदन पेश गर्नुपर्ने** | स्वास्थ्य शाखा प्रमुख/जिल्ला कार्यक्रम संयोजक (सामी)/ मनोविद्, प्रदेश स्वास्थ्य निर्देशनालय अन्तर्गत |

**पद तथा जिम्मेवारीको उद्देश्य**

नेपाल सरकार र स्वीस सरकारबीच भएको द्विपक्षीय सम्झौता बमोजिम वैदेशिक रोजगारीको क्षेत्रलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउने उद्देश्यले संघ, प्रदेश र स्थानीय सरकारको सहकार्यमा सुरक्षित आप्रवासन (सामी) कार्यक्रम सञ्चालनमा रहेको छ। कार्यक्रम अन्तर्गत सूचना तथा परामर्श, कानूनी सहयोग, मनोसामाजिक परामर्श, वित्तीय साक्षरता र सीप विकास लगायतका मुख्य सेवाहरु रहेका छन्।

विशेष गरी रोजगारीका लागि वैदेशिक रोजगारीमा गएका व्यक्तिहरु र तिनका परिवारका सदस्यहरुले विभिन्न मनोसामाजिक समस्याहरु भोगिरहेका हुन्छन्। वैदेशिक रोजगारीका कारण सृजना भएका मनोसामाजिक समस्याहरुलाई समाधान वा न्यूनिकरण गर्न सक्षम बनाउन आप्रवासी एवम् तिनका परिवारलाई र तथा सेवाको आवश्यकता भएका अन्य व्यक्तिहरुलाई गुणस्तरीय मनोसामाजिक परामर्श सेवा प्रदान गर्न मनोसामाजिक परामर्शकर्ता जिम्मेबार हुनेछ। स्थानीय तहको स्वास्थ्य शाखाको प्रमुखको मातहतमा रहि जिल्ला कार्यक्रम संयोजक (सामी), मनोसामाजिक सुपरभाईजर र प्राविधिक सहयोग गर्ने संस्थाको निकट समन्वय, सहकार्य तथा प्रत्यक्ष सम्पर्कमा रहि देहाय अनुसारको जिम्मेवारी बहन गर्नुपर्नेछ :

**कार्य विवरण देहाय बमोजिम हुनेछ**

- समुदायमा मनोसामाजिक समस्या भएका व्यक्तिहरु र वैदेशिक रोजगारीका कारण मनोसामाजिक समस्या भएका घर परिवारको पहिचान गर्ने। पहिचान गरिएका मनोसामाजिक समस्या भएका व्यक्ति तथा परिवारलाई घरभेट मार्फत मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने।
- वैदेशिक रोजगारमा गएका व्यक्तिहरुका परिवारका सदस्यहरुमा देखापर्न सक्ने मनोसामाजिक समस्याहरुको वारेमा जनचेतना अभिबृद्धि गर्दै यस्तो समस्या आउन नदिन आवश्यक प्रबर्द्धनात्मक उपायहरुको वारेमा परिवार तथा समुदायस्तरमा समुह छलफल गर्ने। यसका लागि आप्रवासन सम्बन्धमा सचेतना गराउने, रिटर्नी स्वयंसेवक तथा अन्य कर्मचारीसँग आवश्यक समन्वय तथा सहयोगमा काम गर्ने।



CamScanner

- वित्तीय साक्षरता कार्यक्रम संचालन भएका स्थानीय तहको हकमा स्थानीय तहमा रहेका वित्तीय साक्षरता कार्यक्रमको सहजकर्तासंग समन्वय गरी वित्तीय साक्षरता तथा मनोसामाजिक परामर्श कार्यक्रमको निर्देशिकामा उल्लेख गरे बमोजिमको समुह मनोपरामर्श सत्र सञ्चालन गर्ने ।
- आवश्कता अनुसार स्थानीय तहमा रहेका विद्यालय तथा विभिन्न समुहहरुमा गई सामुहिक रुपमा मनोपरामर्श सम्वन्धि सत्र सञ्चालन गर्ने ।
- मनोसामाजिक समस्या भएका सेवाग्राहिको पहिचान गरी विस्तृत मनोसामाजिक आयामहरु समेटी अभिलेख तयार गर्ने, समस्याका कारणहरु पहिचान गर्ने, मनोसामाजिक आवश्यकताको पहिचान तथा प्राथमिकीकरण गरेर प्रभावित व्यक्ति वा परिवारहरुलाई उनीहरुको मनोभावनामा आएको उतार चढावमा स्थायित्व प्रदान गर्न आवश्यक मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने । मनोसामाजिक परामर्श सेवा प्रवाह गर्दा आवश्यकता अनुसार मनोविद् /मनोसामाजिक सुपरभाईजर र स्थानीय तहसंग समन्वय गर्ने ।
- सवै केशहरु समयमै अनिवार्य रुपमा SaMi MIS मा प्रविष्टि तथा नियमित रुपमा अद्यावधिक गर्ने । स्थानीय तह तथा सम्बन्धित निकायलाई कार्यक्रमको प्रगति, समिक्षा तथा जानकारी आवश्यकता अनुसार उपलब्ध गराउने ।
- स्वास्थ्य शाखासँगको सहकार्यमा मासिक प्रतिवेदन HMIS र DHIS-2 मा प्रविष्ट गर्न सम्बन्धित निकायमा समन्वय र सहकार्य गर्ने ।
- मनोसामाजिक परामर्शको सेवाको विवरण तथा प्रतिवेदन तोकिएको ढाँचामा स्वास्थ्य शाखा प्रमुख/ जिल्ला कार्यक्रम संयोजक (सामी), मनोविद् /मनोसामाजिक सुपरभाईजर, सामी कार्यक्रम अधिकृत र सम्बन्धित पक्षलाई पेश गर्ने ।
- वैदेशिक रोजगारी सम्बन्धि समस्याका वारेमा जिल्ला कार्यक्रम संयोजक (सामी), आप्रवासी श्रोत केन्द्र/ आप्रवासी श्रोत उप-केन्द्र सँग आवश्यक कानूनी सहयोग वा सेवाका लागि समन्वय गर्ने (जस्तै विदेशमा मृत्यु भएको अवस्थामा शव ल्याउन, आर्थिक सहायता, क्षतिपूर्ति, उद्दार, वीमा सहयोग. विदेशमा अप्ठ्यारो अवस्थामा भएका परिवारका सदस्यलाई स्वदेश ल्याउने आदि) ।
- लक्षित वर्गका गम्भिर मनोसामाजिक समस्यामा परेका सेवाग्राहीहरुलाई (विशेष गरी बालबालिका तथा महिलाहरुलाई) थप मनोसामाजिक परामर्श तथा मानसिक स्वास्थ्य सेवाका लागि स्वास्थ्य शाखा प्रमुख र जिल्ला कार्यक्रम संयोजकसँगको समन्वयमा मनोविद/मनोसामाजिक सुपरभाईजरसंग सल्लाह गरी सहयोगका लागि स्थानीय तह र सरोकारवाला संघ संस्थासंग समन्वय गराउने ।
- प्रदेश स्वास्थ्य मन्त्रालय/निर्देशनालय/निकायले सञ्चालन गर्ने मनोसामाजिक परामर्श सम्बन्धि तालिम तथा कार्यक्रममा सहभागी हुने ।
- प्रदेश स्वास्थ्य मन्त्रालय, निर्देशनालय अन्तर्गतका मनोविद् /मनोसामाजिक सुपरभाईजरद्वारा स्थानीय तहमा गएर गरिने सुपरिवेक्षण र दुर सुपरिवेक्षको कार्यक्रममा अनिवार्य तथा सक्रिय सहभागी हुने ।

काठमाडौं महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कमलादी, काठमाडौं
बागमती प्रदेश, नेपाल
२०७३



CamScanner

- समुदाय स्तरमा रहेको मानसिक स्वास्थ्यसंग सम्बन्धित गलत धारणा हटाउनकोलागि समुदाय स्तरमा मानसिक स्वास्थ्य सम्बन्धि जनचेतना मुलक कार्यक्रमहरु संचालन गर्ने।
- सुरक्षित आप्रवासन कार्यक्रम र अन्य कर्मचारी टिमसँग मिलेर काम गर्ने, सवैसँग मिलेर सहयोगी व्यवहार प्रदर्शन गर्ने र आफ्नो काममा प्रतिबद्ध हुने।
- स्थानीय तहको आधारभूत अस्पताल वा आधारभूत स्वास्थ्य सेवा केन्द्रमा आवश्यक सम्पर्क र समन्वय गर्ने।
- स्थानीय तहको स्वास्थ्य शाखासँग नियमित समन्वय तथा सहकार्यमा कार्य गर्नुको साथै अन्य सम्बन्धित सरोकारवालाहरुसँग समन्वय तथा सम्वन्ध विस्तार गर्ने साथै स्थानीय स्तरमा मनोसामाजिक सेवा प्रदान गर्ने साझेदार संस्थासँग आवश्यक सम्पर्क र समन्वय गर्ने।
- लैङ्गिक हिंसा पीडितलाई अस्पतालमा आधारीत एकद्वार संकट व्यवस्थापन केन्द्रसँग आवश्यक समन्वय तथा प्रेषण गरी सेवा प्रवाह भएको सुनिश्चत गर्ने।
- मनोसामाजिक परामर्शकर्ताहरुले सेवा प्रदान गर्दा नैतिक मूल्यको व्यवहारिक प्रयोगलाई ध्यानमा राखि तटस्थता कायम गर्दै मनोसामाजिक परामर्शको मूल्य र मान्यता अनुसार तथा सुपरभाईजरको निर्देशनमा काम गर्ने। नेपाल सरकारसंग सम्बन्धित ऐन, नियम तथा कार्यविधिमा भएको व्यबस्थाको पूर्ण पालना गर्ने।
- मनोसामाजिक परामर्शकर्ताले मनोसामाजिक परामर्श सेवा दिएका सेवाग्राहीहरुको सम्पूर्ण जानकारीहरुको गोपनियता कायम गर्नु अनिवार्य हुनेछ। विशेष गरेर सेवाग्राहीको समस्यामा काम गर्दा सहयोगी हुनसक्ने श्रोतसँग मनोविद् /मनोसामाजिक सुपरभाईजरको सल्लाह लिएर मात्र आवश्यक जानकारी दिनुपर्नेछ। सेवा प्रदान गरिएका सेवाग्राहीहरुको केश फाइलहरु सुरक्षितपूर्वक कार्यालयमा राख्नु पर्नेछ।
- सेवाग्राहीको व्यक्तिगत तथा सम्वेदनशील जानकारी तथा सुचनाहरु वाहिर दिन वा सुनाउन पूर्णरुपमा बन्देज भएकोले त्यस्ता संवेदनशिल सुचनाहरु सार्वजनिक भएको पाईएमा र त्यसमा मनोसामाजिक परामर्शकर्ताको गल्ति देखिएमा स्थानीय तहले नियमानुसार कारवाही गर्न सक्नेछ।

**योग्यता र अनुभव**

मनोसामाजिक परामर्शकर्ता छनौट गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गतको राष्ट्रिय स्वास्थ्य तालीम केन्द्रले विकास गरेको तथा स्वास्थ्य मन्त्रालयले स्वीकृत गरेको मनोसामाजिक परामर्शकर्ता सम्बन्धी तालिम पाठ्यक्रमले तोकेको निम्नानुसार योग्यता भएको हुनु पर्नेछः

- मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ/नर्सिंङ/मनोविज्ञान/समाजशास्त्र/सोसिएल वर्क/स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उत्तीर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको।
- मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रको प्रमाण पत्र भएकोलाई विशेष प्राथमिकता दिईनेछ।
- कम्प्यूटर सम्बन्धि आधारभुत ज्ञान तथा अनुभव (Word, Excel, power point, Email/ internet आदि भएको) नेपाली भाषामा प्रतिवेदन तयार गर्न सक्ने।

काठमाडौं महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कमलादी, काठमाडौं
बागमती प्रदेश, नेपाल
२०७३



CamScanner